**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**

**सदस्य श्री निशा बानियाँ**

**सदस्य डा. श्री गोपीचन्द्र भट्टराई**

**फैसला**

**मुद्दा नं. ०७७-FT-००८९**

**निर्णय नं. १२०**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रसमेतको जाहेरीले नेपाल सरकार.........१ | अमर बहादुरको नाती रामबहादुर भण्डारीको छोरा, धादिङ्ग जिल्ला पिडा गा.वि.स. वडा नं. ५ को हाल परिवर्तित गजुरी गाउँपालिका वडा नं. ५ घरभै हाल ललितपुर जिल्ला ललितपुर महानगर पालिका वडा नं.१५ ललितपुरस्थित Aurora Human Resource Pvt.Ltd. (Lic No.७३७) का संचालक राजेन्द्र भण्डारी.......१<br>जीतलाल महर्जनको छोरा सविक काठमाण्डौ जिल्ला महादेवस्थान गा.वि.स. १ गुर्जुधारा, घर भै हाल काठमाण्डौ जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. ८ को हाल परिवर्तित ऐ.वडा नं. ५ बस्ने र ललितपुर जिल्ला पूल्चोक, स्थित निक नेपाल प्रेशका संचालक शेरबहादुर महर्जन.......१<br>जीतलाल महर्जनको नाति जीतबहादुर महर्जनको छोरा काठमाडौं जिल्ला महादेवस्थान गा.वि.स. १ गुर्जुधारा हाल परिवर्तित चन्द्रागिरी नगरपालिका वडा नं. ८ को हाल परिवर्तित ऐ.वडा नं. ५ बस्ने भै ललितपुर पूल्चोक स्थित निक प्रेशका कम्प्पुटर अपरेटर मनिलकुमार महर्जन...............................................१ |

**मुद्दाः वैदेशिक रोजगार कसूर ।**

वैदेशिक रोजगार ऐन, २०६४को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर निम्न बमोजिम रहेको छ ।

## तथ्य खण्ड

**1. अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दिएको बेनामी उजुरी निवेदनको प्रतिलिपीः-**

मेनपावर कम्पनीहरूले विदेश स्थित रोजगारदाता कम्पनीहरूबाट कामदारको डिमान्ड लेटर प्राप्त गर्दा कम्पनीले कामदारलाई दिने सेवा सर्त सम्झौता लगायतका कागजातहरू पठाउने गर्दछन् जुन कागजातहरू श्रम विभागबाट पूर्व स्वीकृति लिँदा विभागमा पेश गर्नुपर्ने हुन्छ । पूर्व स्वीकृति नभै अन्तिम स्वीकृति प्राप्त हुँदैन । कतिपय कामहरूको पूर्व स्वीकृति लिंदा मेनपावर कम्पनीहरूले विभागमा पेश गरेको विवरण र रोजगारको लागि प्राप्त हुन आएका भिषा लगाएतका कागजातहरू आपसमा मेल खाँदैनन् । पूर्व स्वीकृतिमा पेश गरेको विवरण अन्तिम स्वीकृति लिँदा पेश गरेको विवरण नमिलेमा श्रम स्वीकृति दिन मिल्दैन । यस्तो अवस्थामा मेनपावर कम्पनीले नक्कली कामजातहरू बनाई श्रम विभागका कर्मचारीहरूलाई घुस रकम दिएर श्रम स्विकृति लिएर वैदेशिक रोजगारमा कामदार पठाउने गरेका छन् । यसरी कामदार पठाउँदा चाहिने नक्कली कागजातहरू ललितपुर पुल्चोक स्थित नेपाल निक प्रेशका संचालक शेरबहादुर महर्जनले तयार गर्दछन् । सो काम गर्ने मेनपावर कर्मचारी र प्रेश संचालकलाई कानून बमोजिम कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको भ्रष्टाचार विरोधी देशभक्त नागरिकको तर्फबाट मिति २०७१/०३/२७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दिएको बेनामी उजुरी निवेदनको प्रतिलिपि ।

**2. बरामदी मुचुल्काको प्रतिलिपिः-**

ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका वडा नं. २ स्थित पुलचोकमा शेरबहादुर महर्जनले संचालन गरेको नेपाल निक प्रिन्टिङ प्रेश तलासी लिँदा डाइभर/फन्ट कलेक्सन थान (कम्प्युटरको),प्रिन्टर इंक कार्टेज पहेंलो १ निलो १,विजनेश डेली डाएरी खैरो रङको,गृह मन्त्रालयको रवर स्टाम्प, स्थानिय विकास मन्त्रालय पंजिकरणको रवर स्टाम्प, टेरा पम्प डेन्टल यू.ए.ई. को रवर स्टाम्प, एम्वेसी अफ मलेसिया कन्सुलर अफिसरको रवर स्टाम्प,रोटरी पब्लिक मलेसियाको रवर स्टाम्प, स्थानियपंजिकाधिकारीको रवर स्टाम्प,OBC international को रवर छाप, साउदीको स्टिकरमा रहने होलोग्राम, फाइल खालिजायफर ट्रेडिङ रवर छाप, टि. एस. एस. सेक्युरिटी सर्विस एम.एस.डि.ए.वि.एच.डि. को रवर छाप, चिन गुडिङ इन्जिनियरिङ सप्लाइको छाप, फाउन्डेसन गल टेफर ट्रेडको छाप, अरेविक भाषामा लेखिएको छाप, प्राइम लाइफ इन्सुरेन्स हात्तीसारको छाप, वि पेन प्लाष्टिकको रवर छाप, ट्रन्सी सेक्युरिटी सर्विसको रवर छाप, ड्राइमिक्स पर्ल वि वि एन ति डि को रवर छाप,मनकामना माध्यामिक विद्यालयको रवर छाप, इन्जेदाहको रवर छाप, टेलिफेन्स मेडिकल एस.डि.एन. लेखिएको रवर छाप, अनुधावि नेसनल होटल्सको रवर छाप, मो. नासिर एरिस कन्सुलर अफिसरको रवर, सर्टिफाइड टुर मलेसिया लेखिएको रवर, अवुधावी चेम्वरको रवर छाप, एटेस्टेड अफ वाइ द एम्वेसी अफ नेपाल रवर छाप, निन प्रसाद पौडेल डि.एस.पि. लेखिएको रवर छाप, हेड मास्टर लेखिएको रवर छाप, एम्वेसी अफ नेपाल यू.ए.ई छाप, नुवाकोट माध्यमिक विद्यालयको रवर छाप, राइट वे इन्टरप्राइजेज प्रा.लि. जावेलाखेलको रवर छाप, सारजाह चेम्वर अफ कमर्सको रवर छाप लेवर इम्पोएल्मेन्टको रवर छाप, दुवई यू.ए.इ. को रवर छाप, सारजाह टेक्सको रवर, दिग पेरिकास्टको रवर छाप, एल.एस.पि.सि.एम लेखिएको रवर छाप, मलेसियाबाट आउने डिमाण्ड लेटरमा टासिने रातो स्टिकर, वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न मेन पावरबाट सच्याउनको लागि ल्याइएको स्टिकर झिकी अन्य प्रयोग गरिसकेको स्टिकर विहिन कागजहरू, विदेश स्थित विभिन्न कम्पनीबाट प्राप्त डिमान्ड लेटरहरूको कागजातहरू लगाएत

विभिन्न कागजातहरूकम्प्युटर सि.पि.यू.कम्प्युटरमा प्रयोग हुने कालो रङको पेन ड्राइभ २४Feb.२०१४ देखि १० July २०१४ सम्म पाना ३२ मा अभिलेख लेखिएको Right way interprises जावलाखेलको नामको डे वुक स्लिप समेतका दशीका सामान वरामद भएको भन्ने समेत व्यहोराको मिति २०७१/०३/२७को वरामदी मुचुल्काको प्रतिलिपि ।

3. **प्रतिवादी शेरबहादुर महर्जनले अनुसन्धानका क्रममा अ.दु.अ. आयोगमा गरेको बयान प्रतिलिपिः-**

मैले हाल पुल्चोकमा नेपाल निक प्रिन्टीङ प्रेश संचालन गर्दै आएको छु । सो प्रेशबाट विभिन्न मेनपावर कम्पनी, कलेज, स्कुल, संघ संस्था समेतबाट माग भए अनुसार आवश्यक छपाई सम्बन्धी काम गर्दछु । मेरो प्रेश अफिसबाट वरामदी विभिन्न सामाग्रीहरू मेनपावर कम्पनी र विदेश जान चाहने व्यक्तिहरू आफैं आइ बनाउन दिएका सामाग्रीहरू हुन् । मैले कुनै कुनैमा पानीले भिजाई स्टीकर छाप भिजाई उप्काएर उनिहरूले ल्याएको कागजातमा टाँस्ने गरेको छु । त्यस पछि तिनिहरूले कहाँ लगि के मा प्रयोग गर्छन थाहा छैन । आवस्यक कागज पत्र उनीहरूले आफै ल्याउदछन् । कुनै फर्काएर लान्छन कुनै त्याही छाड्दछन् । छाप स्टीकर उप्काए पछि कम्पनीले ल्याएका कागजातमा टाँसीदिने गरेको हो । यसो गर्दा तपाइलाई केहि हुदैन, विभागमा हाम्रो सेटिङ छ भन्दथे, स्टिकर टासी पठाउदा रू. ५००।- देखि रू. १०००।- दिन्थे, छाप स्क्यान गरेर कागजमा प्रीन्ट गर्दा रू. ६०००।- देखि रू. ७०००।- दिन्थे, बिग्रको कागज, स्टीकर, बिवरण pen driveल्याउथें र सो पश्वात सबै काम म आफै गर्दछु pen drive मा ल्याएका बिवरणहरू प्रिन्ट गरेपछि फिर्ता गर्दछौ । ति काम म आफैले नगरी मेरो स्टाफ कर्मचारी मार्फत गराउदछु । कर्मचारी अनिलकुमार महर्जनलाई मासिक १०,०००।- हजार तलब दिने गरेको छु। मिति ०७१/३/२७ मा मेरो घरबाट वरामदी छापहरू सबै मेरो घर अफिसबाट वरामदी भएका हुन् भन्ने समेत ब्यहोराको शेरबहादुर महर्जनले अनुसन्धानका क्रममा मिति २०७१/०३/२९मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको बयानको प्रतिलिपी ।

4. **प्रतिवादी मनिलकुमार महर्जनले अनुसन्धानका क्रममा अ.दु.अ.आयोगमा गरेको बयानको प्रतिलिपिः-**

म नेपाल निक प्रेशमा २ बर्ष देखि काम गर्दै आएको छु । मासिक तलब रू. १००००।- छ । सो प्रेशमा कम्प्यूटर अप्रेटरको काम गर्दछु । प्रेशमा हुने सबै कामहरू जस्तै ब्रोसर, लेटरहेड, बिल प्याड, भौचर डिजाइन को साथै मेनपावर तथा अन्य संस्थाको भिजिटिङ कार्ड समेत बनाउछु । मेनपावर कम्पनीका संचालकहरूले साहुलाई कागज पत्र सच्याउन दिने र ति काम गर्न साहुले मलाई तोक्ने हुँदा साहुको आदेशानुसार मैले तयार गरिदिने गर्दछु । साहुले दिएको आदेश अनुसार गर्नु पर्ने कामको संझनको लागि सानो clip डायरीमा टिप्ने गरेको छु । साहुको अफीसको नाम अरुण डंगोल हो तर बास्तविक नाम भने शेरबहादुर महर्जन हो । मैले साहुले भने अनुसारको काम गर्ने गरेको हो । काम गलत वा सहि के हो मलाई थाहा छैन । प्रेशको अफीसबाट बरामदी Day Slip मैले नै लेखेको हो । साहुले गर्न दिएको काम संझिन सजिलोको लागि टिप्ने गरेको हो । Day Slip मा लेखिएका हस्ताक्षर मेरै हुन भन्ने समेत ब्यहोराको प्रतिवादी मनिलकुमार महर्जनले अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको बयानको प्रतिलिपि ।

5. **Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) का संचालक राजेन्द्र भण्डारीले अनुसन्धानका क्रममा अ.दु.अ. आयोगमा गरेको बयानको प्रतिलिपिः-**

आफ्नो मेनपावर कम्पनीले दुवई स्थित रोजगारदाता कम्पनी Team Furniture कम्पनीबाट Demand लगाइतका कागजात प्राप्त हुँदा इम्प्लोइमेन्ट कन्ट्याक्ट पेपरमा जाने कामदारको नाम र राहदानी नम्बर समेत लेखिएर आएकोले उक्त इम्प्लोइमेन्ट कन्ट्याक्ट पेपरमा लेखिएको नाममा लगाइएको टिपेक्स नेपाल निक प्रेशबाट मेटाएर उक्त कागज संलग्न गरी वैदेशिक रोजगार विभागबाट लट नं. ९२३३३बाट ११ जना कामदार पठाउने गरी पूर्व स्वीकृति लिई २ जना कामदार पठाइसकेको छ । मलेसिया स्थित रोजगारदाता कम्पनी Rupee Enterprises कम्पनीबाट कागजात प्राप्त हुँदा हाम्रो कम्पनीको नाम अशुद्ध भै आएकोमा पछि सच्चियर आएपछि लट नं.१०११४५बाट २० जना कामदार पठाई सकिएको छ लट नं. १०११४५ मा कुनै सच्चियका कागजा पेश गरेको छैन भन्ने समेत व्यहोराको Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) का संचालक राजेन्द्र भण्डारीले अनुसन्धानका क्रममा अ.दु.अ. आयोगमा मिति २०७१/०३/२९ मा गरेको बयानको प्रतिलिपी ।

6. **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रः-**

अनुसन्धानमा खुलाईदिएको बयान व्यहोरा बरामद तथा संकलीत कागजातहरू अध्ययन गर्दा प्रतिवादीहरूले गलत तथा आफू अनुकुल सच्याइएका हेरफेर गरीएका कागजातहरू संलग्न गरी श्रम स्विकृति लिए दिएको देखिन आएकोले प्रस्तुत विषय ऊपर अनुसन्धान एवं छानविन गरी प्रचलित कानून बमोजिम जो जे गर्नु पर्ने हो गर्न अनुसन्धानबाट देखिन आएका वस्तु स्थिती विवरण र बरामद भएका कागजात प्रमाणहरू समेतका विवरण खुलाई सक्कलै फाइल संलग्न राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम वैदेशीक रोजगार विभागलाई लेखि पठाउने भनी निर्णय भएको हुँदा अनुसन्धानबाट देखिन आएको वस्तु स्थिती विवरण र बरामद कागजातहरू समेत संलग्न पज्जिका बमोजिमका सक्कल कागजातहरू रहेका फाइल पत्र साथ संलग्न राखि आवश्यक कार्यार्थ निर्णय जानकारी गराइएको व्यहोरा अनुरोध गरिएको छ भन्ने समेत ब्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले च.नं. ३६५५ मिति २०७२/०३/११ मा वैदेशिक रोजगार विभागलाई लेखेको पत्र ।

7. **वैदेशिक रोजगार विभागको टिप्पणि र आदेशः-**

आरौरौ ह्युमन रिसोर्सेस प्रा.लि. इ.प.नं. ७३६ को कारोवार अनुसन्धान टुंगो नलागे सम्मका लागि रोक्का राख्ने गरी वैदेशिक रोजगार विभागबाट मिति २०७२/०४/१७ मा भएको टिप्पणि र आदेश ।

8. **Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) का संचालक राजेन्द्र भण्डारीले अनुसन्धानका क्रममा वैदेशिक रोजगार विभागमा गरेको बयानः-**

Team Furniture को Employment Contract पेपरमा पूर्व स्वीकृति लिँदा एउटा Employment Contract ले पूर्व स्वीकृतिबाटै संस्थालाई एउटै Employment Contractबाट स्वीकृति प्रदान गर्ने प्रावधान छ । मेरो फाइलमा कुनै निश्चित व्यक्तिको नाम लेखेर कम्पनीबाट Employment Contract Paper आएकोले त्यसलाई सच्याउन रोजगार दाता, कम्पनीमा पठाएकोमा रोजगारदाता कम्पनीले सोही पहिलो पेपरमा टिपेक्स लगाई सच्याएर पठाएपछि टिपेक्स लगेको कागजलाई वैदेशिक रोजगार विभागले लिन नमाने पछि उक्त टिपेक्सको फोहरलाई बाध्यतावस सफा गरेको सम्म हो । Rupee Enterprise Companyबाट सक्कलै कागजात प्राप्त भएकोले सच्याएको होइन भन्ने समेत Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) का संचालक राजेन्द्र भण्डारीले अनुसन्धानका क्रममा वैदेशिक रोजगार विभागमा मिति २०७२/०४/२७ मा गरेको बयान ।

9. **प्रतिवादी शेर बहादुर महर्जनले अनुसन्धानका क्रममा वैदेशिक रोजगार विभागमा गरेको वयानः-**

मैले हाल पुल्चोकमा नेपाल निक प्रिन्टीङ प्रेश संचालन गर्दै आएको छ । सो प्रेशबाट विभिन्न मेनपावर कम्पनी, कलेज, स्कूल, संघ संस्था समेतबाट माग भए अनुसार आवश्यक छपाई सम्बन्धी काम गर्दछु । मेरो प्रेश अफिसबाट वरामदी विभिन्न सामाग्रीहरू मेनपावर कम्पनी र विदेश जान चाहने व्यक्तिहरू आफैं आइ वनाउन दिएका सामाग्रीहरू हुन् । मैले कुनै कुनैमा पानीले भिजाई स्टीकर छाप भिजाई उप्काएर उनिहरूले ल्याएको कागजातमा टाँस्ने गरेको छु । त्यस पछि तिनिहरूले कहाँ लगि के मा प्रयोग गर्छन थाहा छैन । आवस्यक कागज पत्र उनीहरूले आफै ल्याउदछन । कुनै फर्काएर लान्छन कुनै त्याही छाड्दछन् । छाप स्टीकर उप्काए पछि कम्पनीले ल्याएका कागजातमा टाँसीदिने गरेको हो । यसो गर्दा तपाइलाई केहि हुदैन, विभागमा हाम्रो सेटिङ छ भन्दथे, स्टिकर टासी पठाउदा रू. ५००।- रू. १,०००।- दिन्थे, छाप स्क्यान गरेर कागजमा प्रीन्ट गर्दा रू. ६,०००।- देखि रू. ७,०००।- दिन्थे, बिग्रको कागज, स्टीकर, बिवरण pen drive ल्याउथें र सो पश्चात सबै काम म आफै गर्दछु pen drive मा ल्याएका बिवरणहरू प्रिन्ट गरेपछि फिर्ता गर्दछौ । त्यस्तै Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) को प्रेश सम्बन्धी सबै काम मेरो प्रेशबाट हुन्छ । प्रेशको काममा आएका केही कागजातहरू बरामदी भएको हुनुपर्दछ । Day Slip मा उल्लेख भएको हुनुपर्दछ । श्रम स्वीकृतिका लागि पेश भएका कागजातको हकमा मेनपावर कम्पनी नै जिम्मेवार हुनुपर्ने भन्ने समेत व्यहोराको प्रतिवादी शेर बहादुर महर्जनले अनुसन्धानका क्रममा मिति २०७२/०८/२४ मा वैदेशिक रोजगार विभागमा गरेको बयान ।

10. **प्रतिवादि मनिलकुमार महर्जनले अनुसन्धानका क्रममा वैदेशिक रोजगार विभागमा गरेको बयानः-**

म नेपाल निक प्रेशमा २ बर्ष देखि काम गर्दै आएको छु । मासिक तलब रू. १०,०००।- छ । सो प्रेशमा कम्प्युटर अप्रेटरको काम गर्दछु । प्रेशमा हुने सबै कामहरू जस्तै ब्रोसर, लेटरहेड, बिल प्याड, भौचर डिजाइन को साथै मेनपावर तथा अन्य संस्थाको भिजिटिङ कार्ड समेत बनाउँछु । मेनपावर कम्पनी का संचालक हरूले साहुलाई कागज पत्र सच्याउन दिने र ति काम गर्न साहुले मलाइ तोक्ने हुदा साहुको आदेशानुसार मैले तयार गरिदिने गर्दछु । साहुले दिएको आदेश अनुसार गर्नु पर्ने कामको संझनाको लागि सानो clip डायरीमा टिप्ने गरेको छु । साहुको अफीसको नाम अरुण डंगोल हो तर बास्तविक नाम भने शेर बहादुर महर्जन हो । मैले साहुले भने अनुसारको काम गर्ने गरेको हो । काम गलत वा सहि के हो मलाइ थाहा छैन । प्रेशको अफीसबाट बरामदी Day Slip मैले नै लेखेको हो । साहुले गर्न दिएको काम संझिन सजिलोको लागि टिप्ने गरेको हो । Day Slip देखाउदा देखे लेखिएका हस्ताक्षर मेरै हुन । Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) को प्रोफाईल समेतका कागजातहरू तयार गरे राम्रो लाग्लछ । प्रेश संचालकलाई थाहा होला हाल सबै सम्झना छैन भन्ने समेत प्रतिवादी मनिलकुमार महर्जनले अनुसन्धानका क्रममा मिति २०७२/०८/२४ मा वैदेशिक रोजगार विभागमा गरेको बयान ।

11. **वादी नेपाल सरकारको अभियोग माग दावीः-**

Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) का संचालक राजेन्द्र भण्डारीले दुवई स्थित रोजगारदाता Team Furniture कम्पनीमा लट नं. ९२३३३ बाट ११ जना कामदार पठाउन वैदेशिक रोजगार विभागबाट पूर्व स्वीकृति प्रदान गर्दाका सक्कल कागजातहरू अध्ययन गर्दा संलग्न रहेको इम्प्लोइमेन्ट कन्ट्याक्ट पेपरमा रोजगारदाता कम्पनीका तर्फबाट गरिएको आधीकारीक दस्तखत र कम्पनीको छाप अन्य कागजमा रहेका दस्तखत र छाप भन्दा फरक देखिएको । उल्लेखित कम्पनी र लट नं. ९२३३३ सँग सम्बन्धित कागजातमा दस्तखत र छाप आपसमा

भिन्न रहेको कुरा पुष्टि हुन आएकोले यि प्रतिवादी राजेन्द्र भण्डारीको उक्त कार्य वैदेशिक रोजगार ऐन २०६४ को दफा ४७(१) अन्तर्गतको कसूर अपराध भित्र पर्ने देखिएकोले सो कसूरमा निज प्रतिवादी राजेन्द्र भण्डारीलाई सोहि ऐनको दफा ४७(१) बमोजिम अधिकतम सजाय हुन र नेपाल निक प्रेशका संचालक शेरबहादुर महर्जन र कर्मचारी मनिलकुमार महर्जनले AL Hayat Management System Pvt. Ltd. (Lic No. ३३६) का संचालकलाई उपरोक्त कार्य गर्न गराउनमा दुरुत्साहन र मतियारको भूमिका निर्वाह गरेकोले प्रतीवादीहरू शेरबहादुर महर्जन र मनिलकुमार महर्जनलाई सोही वैदेशिक रोजगार ऐन, २०५६ को दफा ५६ बमोजिम सजाय हुन अभियोग मागदावी लिइ वादी नेपाल सरकारको तर्फबाट मिति २०७३/०५/०७ मा यस न्यायाधिकरणमा दायर गरेको अभियोग-पत्र ।

**12. प्रतिवादी Aurora Human Resource Pvt.Ltd. (Lic No.737)का संचालक राजेन्द्र भण्डारीले न्यायाधिकरणमा गरेको बयानः-**

मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छु । मेरो संस्थाको नाम Aurora Human Resource Pvt. Ltd. हो । इजाजत नं. ७३६/२०६४/०६५ हो । मैले मिति २०६४/०६५ देखि कम्पनि संचालन गरेको हो, सो कम्पनि अर्जुन शिलवाल अफिस व्यवस्थापक, रोविड श्रेष्ठ श्रम प्रतिनिधि र ममता थापा मगर कार्यलय सहयोगीको रुपमा काम गर्दै आएका छन् । उक्त दुबई स्थित रोजगारदाता Team Furniture कम्पनीमा लट नं. ९२३३३बाट ११ जना कामदार पठाउन वैदेशिक रोजगार विभागबाट पूर्व स्वीकृति लिएको हो र सो सट नं. ९२३३३ बा अन्तिम स्वीकृत गरी २ जना मानिस रोजगारमा गएका हुन । निजहरूको करार अवधि सकेर नेपाल फर्की सकेका छन् । इम्प्लोइमेन्ट कन्टयाक्ट पेपरमा रोजगारदाता कम्पनीका तर्फबाट गरिएको आधिकारीक दस्तखत र कम्पनीको छाप अन्य कागजमा रहेका दस्तखत र छाप भन्दा फरक देखिएको मलाई थाहा भएन । यसमा मेरो कुनै संलग्नता छैन र मेरो कम्पनिको पनि संलग्नता छैन । कुनै प्रेशका संचालकहरूलाई चिनेको पनि छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खडा भएको खानतलासी बरामदी मुचुल्का मुचुल्का सम्बन्धमा मलाई केही पनि थाहाँ छैन । के कुन सामाग्रीहरू कहाँबाट कसरी कसले बरामद गरेका हुन मलाई थाहा भएन । म सो कम्पनिमा काम नगर्ने भएकाले सो बारेमा मलाई थाहा जानकारी छैन । मैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको बयान मेरो स्वइच्छाले गरेको बयान होईन दवावमा पारेर बयान गराएका हुन् । संचालक भएपछि सबै जिम्मा संचाकलले नै लिनुपर्छ भनि बयान गराएका हुन । अख्तियारमा मलाई वाध्य भएर बयान गरेको हुँ । मलाई अभियोग मागदावीबमोजिम सजायष हुनुपर्ने होईन भन्ने समेत व्यहोराको प्रतिवादी Aurora Human Resource Pvt.Ltd. (Lic No.737) का संचालक राजेन्द्र भण्डारीले मिति २०७३/१०/१२ मा यस न्यायाधिकरणमा गरेको बयान ।

**13. यस न्यायाधिकरणबाट भएको आदेश-पर्चाः-**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी प्रतिवादी राजेन्द्र भण्डारीबाट हाललाई मुलुकी ऐन, अ.वं ११८ दफा ५ र १० बमोजिम रू.२,००,०००।- (दुई लाख रूपैयाँ) नगद धरौटी दिए तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नु, प्रतिवादीले वैदेशिक रोजगार विभागमा मिति २०७३/०५/०३ र न.०१६ बाट रू.३,००,०००।- रोटी राखेको देखिंदा उक्त धरौटी रकम मध्यबाट रू.२,००,०००।- वैदेशिक रोजगार विभागबाट झिकाई धरौटी खातामा आम्दानी बाँधी प्रतिवादी राजेन्द्र भण्डारीलाई तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्ने भन्ने समेत व्यहोराको मिति २०७३/१०/१२ मा यस न्यायाधिकरणबाट भएको आदेश-पर्चा ।

**14. प्रतिवादी शेर बहादुर महर्जनले यस न्यायाधिकरणमा गरेको बयानः-**

मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन । मैले नेपाल सरकारबाट नेपाल निक प्रेस दर्ता गराई प्रेश सञ्चालन गरी रहेको छु । मैले अडर बमोजिमको गर्न मिल्ने काम गरेको छु,

गर्न नमिल्ने काम मैले गरेको छैन । त्यस्तो गर्नु पर्ने वाध्यता पनि छैन । प्रस्तुत मुद्दामा प्रा.लि.का संचालकको माग वमोजिम विभिन्न कागजातहरूको विवरण फेर बदल गर्ने कार्य मैले गरेको होइन। म उपरको अभियोग दावी झुठ्ठा हो । उक्त खान तलासी तथा वरामदी मुचुल्का मेरो प्रेशबाट बरामद भएका सामानहरू मैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट वुझि लिएका सामाग्रीहरू मात्र हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उक्त मुचुल्का कागज अनुसन्धान आयोगको कार्यालयमा नै तयार गरेका हुन् त्यसमा अन्य विभिन्न सामानहरू पनि बरामद भएको भनी उल्लेख गरी मलाई पढ्न समेत नदिई जवरजस्ती दवावमा मलाई फसाउनका लागी उक्त मुचुल्कामा सहिछाप गर्न लगाएकाले गरेको हो बयान मेरो स्वइच्छाको बयान होइन, अनुसन्धान अधिकृतले जे जस्तो लेख्नु भनी दवाव दिएका हुन सोही व्यहोराको बयान लेखिएको हो । उक्त छापहरू सम्वन्धमा मलाई थाहा छैन । अख्तियारले जवरजस्ती यि सामाग्रीहरू पनि तेरो प्रेसका हुन भनेर जवरजस्ती दवावमा पारी बयानमा लेख्न लगाएको भन्ने समेत व्यहोराको प्रतिवादी शेर बहादुर महर्जनले मिति २०७३/११/११ यस न्यायाधिकरणमा गरेको बयान ।

**15. प्रतिवादी मनिलकुमार महर्जनले यस न्यायाधिकरणमा गरेको बयानः-**

मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन । म विगत २०६९ साल देखी शेर वहादुर महर्जनले सञ्चालन गरेको नेपाल निक प्रिन्टिङ्ग प्रेशमा कम्प्यूटर अपरेटर सम्बन्धी काम गर्दछु मैले प्रोफाइल, भिजिटिङ कार्ड, लेटर हेड, भौचर, फ्लेक्सको डिजायन गर्ने काम गर्दछु । कुनै पनि व्यक्तिले वा संस्थाले दिएको अडर वमोजिमको काम गर्नलाई प्रेस संचालकले मलाई अहाय वमोजिम काम गर्ने गरेको थिए । प्रस्तुत मुद्दामा प्रा.लि.का संचालकको माग बमोजिम विभिन्न कागजातहरूको विवरण फेर बदल गर्ने कार्य मैले गरेको होइन । म नेपाल निक प्रेसको कर्मचारी मात्र हुँ, म उपरको अभियोग दावी झुट्टा हो । उक्त खान तलासी तथा वरामदी मुचुल्का मुचुल्का गर्ने समयमा म विदामा बसेको थिएँ । के-कुन सामाग्री हरू बरामद गरेका हुन मलाई थाहा भएन। म काम गर्ने प्रेसमा वरामदमा उल्लेखित रवर स्टयाम्प, छाप केहि पनि थिएनन् काँहाबाट ल्याए मलाई थाहा जानकारी छैन । मैले नेपाल निक प्रेसमा काम गर्न थालेदेखिको जानकारी अनुसार हालसम्म त्यस्तो कार्य गर्ने गरेको छैन । मलाई अभियोग माग दावी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी मनिलकुमार महर्जनले मिति २०७३/११/११ यस न्यायाधिकरणमा गरेको बयान ।

**16. यस न्यायाधिकरणबाट भएको आदेश पर्चाः-**

पछि प्रमाण वुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी तत्काल प्राप्त प्रमाणहरूका आधारमा प्रतिवादी शेरबहादुर महर्जनबाट नगद रू.५०,०००।- (पचास हजार रूपैयाँ) नगद धरौटी वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु । सो दिन नसके कानून बमोजिमको थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनु । प्रतिवादी मनिलकुमार महर्जनलाई साधारण तारेखमा राखी मुद्दामा पूर्पक्ष गर्ने भन्ने समेत व्यहोराको यस न्यायाधिकरणबाट मिति २०७३/११/११ मा भएको आदेश-पर्चा ।

**17. यस न्यायाधिकरणबाट मिति २०७४/०३/२१ मा भएको आदेशः-**

प्रतिवादीहरूको साक्षी निजै मार्फत् र अभियोग-पत्रको प्रमाण खण्डमा उल्लेखित बरामती मुचुल्काका मानिसहरू र बरामत मुचुल्का तयार गर्ने कर्मचारीहरू समेतलाई बकपत्रका लागि विशेष सरकारी वकील कार्यालय मार्फत् उपस्थित गराउन लगाई निजहरूको बकपत्र गरी नियम अनुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस न्यायाधिकरणबाट भएको आदेश।

**18.** **प्रतिवादी राजेन्द्र भण्डारीका साक्षी पृथ्वी बहादुर कार्कीले यस न्यायाधिकरणमा गरेको बकपत्रः-**

म प्रतिवादी राजेन्द्र भण्डारीलाई विगत १० बर्षदेखि चिन्दछु । निज राम्रो आचरण भएका ईमान्दार वफादार म्यान पावर व्यवसायी हुन् । निज माथि लगाइएको अभियोग झुठा हो । विदेशस्थित रोजगारदाता कम्पनीबाट जस्तो डिमान्ड लेटर आयो त्यो जस्ताको त्यस्तै वैदेशिक रोजगार विभागमा पेश गरी पूर्व र अन्तिम स्वीकृति लिई कामदारहरूलाई पठाएको अवस्था हो । कुनै पनि कागजातहरू हेरफेर गरेको वा गर्न लगाएको होइन् । अभियोगमा लगाइएको आरोप कपोलकल्पित र झुठो हो । नेपाल निक प्रेशबाट यस म्यानपावरको ब्रोसर डिजाइन गर्न दिएको मात्र हो । वास्तवमा निक प्रेशबाट यस कम्पनीको कुनै पनि कागजात बारामत भएको छैन । अभियोगमा उल्लेख भए बमोजिम कागजातहरू हेरफेर गर्ने जस्ता गैरकानुनी कार्य गर्न लगाएको पनि होइन । निजलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी राजेन्द्र भण्डारीका साक्षी पृथ्वीबहादुर कार्कीले मिति २०७४/०५/१५ मा यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**19.** **प्रतिवादी शेरबहादुर महर्जनका साक्षी सँजय राईले यस न्यायाधिकरणमा गरेको बकपत्रः-**

प्रतिवादी शेर बहादुर महर्जनलाई लगाएको आरोप झुठो हो । उहाँको नेपाल निक प्रिन्टिङ प्रेशमा Aurora Human Resource Pvt. Ltd. म्यानपावर कम्पनि लगाएत विभिन्न कम्पनिले विभिन्न प्रिन्टिङ सम्बन्धी काम लगाउने र त्यसले भने बमोजिमको काम मात्र उहाँले गर्ने भएकाले उहाँले वैदेशिक रोजगार कसूर गरेको भनी दिएको जाहेरी झुठो हो । निजलाई फसाउने उद्देश्यले मात्र आरोप लगाएको हो । सामान्य आफ्नो व्यापार गरेर वसेको मानिसलाई यस किसिमको आरोप लगाउनु सरासर गलत काम हो । निज शेरबहादुर महर्जनले आफ्नो प्रेश कम्पनीमा प्रेश सम्वन्धी काम कुनै व्यक्ति वा संस्थाले लगाए बमोजिम गर्ने गरेको र कुनै गैर कानुनी काम नगरेकोले निजलाई सजायँ हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी शेर बहादुर महर्जनका साक्षी सँजय राईले मिति २०७४/०५/१५ मा यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**20.** **यस न्यायाधिकरणबाट भएको आदेशः-**

अभियोग पत्रको सवुद प्रमाण खण्डको महल क र ख मा उल्लेखित नेपाल निक प्रेसबाट कागजात वरामद गराएको वरामदी मुचुल्काका मानिसहरू र वरामद मुचुल्का तयार गर्ने कर्मचारीहरूलाई वकपत्रको लागि वादी पक्षले उपस्थित गराएको नदेखिँदा निजहरूलाई पुनः वकपत्रको लागि विशेष सरकारी वकिल कार्यलय काठमाडौ मार्फत उपस्थित गराउन लगाई उपस्थित भए वकपत्रको लागि नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस न्यायाधिकरणबाट मिति २०७४/०९/५ मा भएको आदेश ।

**21.** **वरामदी मुचुल्का मानिस संजय राईले यस न्यायाधिकरणमा गरेको बकपत्रः-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापामार्दा म नेपाल निक प्रेशको कर्मचारी थिएँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०७१/०३/२७ मा उक्त प्रेशमा छापा मार्दा मैले वरामदी मुचुल्का तयार गर्ने क्रममा उक्त प्रेशमा भएका सामानहरू मैले उपलब्ध गराएको हुँ । म अफिसको काम गर्दै थिएँ । मलाई सही गर भनी ल्याएको कागजमा सही गरिदिएको हो । मेरो उपस्थितिमा वरामदी मुचुल्का तयार भएको होइन भन्ने समेत ब्यहोराको वरामदी मुचुल्काका मानिस संजय राईले यसै मुद्दा साथ पेश भएको मुद्दा नं. ०७७-FT-००८४ को मुद्दामा मिति २०७४/१२/२५ मा यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**22. वरामदी मुचुल्का मानिस नविन के.सी.ले यस न्यायाधिकरणमा गरेको बकपत्रः-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापामार्दा म नेपाल निक प्रेशको कर्मचारी थिएँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०७१/०३/२७ मा उक्त प्रेशमा छापा मार्दा मैले वरामदी मुचुल्का तयार गर्ने क्रममा उक्त प्रेशमा भएका सामानहरू मैले उपलब्ध गराएको हुँ । म अफिसको काम गर्दै थिएँ । मलाई सही गर भनी ल्याएको कागजमा सही गरिदिएको हो । मेरो उपस्थितिमा वरामदी मुचुल्का तयार भएको होइन भन्ने समेत ब्यहोराको वरामदी मुचुल्का मानिस नविन के.सी.ले यसै मुद्दा साथ पेश भएको मुद्दा नं. ०७७-FT-००८४ को मुद्दामा मिति २०७४/१२/२५ मा यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**23. मुचुल्का तयार गर्ने प्रहरी नायव उपरीक्षक अजय के.सी., अ.दु.अ.आ.का कम्प्यूटर अपरेटर संजीव पोखरेल, प्रहरी नायव निरीक्षक रुजनकुमार पण्डीत, प्रहरी सहायक निरिक्षक डम्वरकुमार श्रेष्ठ, प्रहरी सहायक निरिक्षक विमल अधिकारी, प्रहरी जवान संजीव चौधरी र सवारी चालक राजकुमार दाहालले न्यायाधिकरणमा गरेको बकपत्रः-**

मिति २०७१/०३/२७ मा नेपाल निक प्रेशमा छापा मारी तयार भएको प्रवेश मुचुल्का र वरामदी मुचुल्का हो । उक्त प्रेशबाट मुचुल्का बमोजिमको सामान वरामद भएको ठीक साँचो हो । नेपाल निक प्रेश, प्रेश भएको कुरा ठीक हो तर संवेदनशिल छापहरू गैर कानुनी ढंगले तयार पारेको वरामदी मुचुल्काबाट देखिएको हो । मुचुल्का बमोजिमको वरामद गरेको कुरा ठीक साँचो हो भन्ने समेत ब्यहोराको वरामदी मुचुल्का तयार गर्ने प्रहरी नायव उपरीक्षक अजय के.सी., अ.दु.अ.आ.का कम्प्यूटर अपरेटर संजीव पोखरेल, प्रहरी नायव निरीक्षक रुजनकुमार पण्डीत, प्रहरी सहायक निरिक्षक डम्वरकुमार श्रेष्ठ, प्रहरी सहायक निरिक्षक विमल अधिकारी, प्रहरी जवान संजीव चौधरी र सवारी चालक राजकुमार दाहालले यसै मुद्दा साथ पेश भएको मुद्दा नं. ०७७-FT-००८४ को मुद्दामा मिति २०७४/१२/२६ यस न्यायाधिकरणमा गरेको प्रायः एकै मिलानको छुट्टा-छुट्टै बकपत्र ।

**24. यस न्यायाधिकरणबाट मिति २०७५/०५/१९ मा भएको मुलतवी आदेशः-**

पुनरावेदक नेपाल सरकार प्रतिवादी रामजीप्रसाद वराल समेत भएको मु.नं ०७४-CR-१२९१को भ्रष्टाचार मुद्दाकारवाही युक्त अवस्थामा भएको हुँदा माग बमोजिमको दशीको सामानहरू पठाउन नसकिने भन्ने समेत व्यहोराको सम्मानित श्री सर्वोच्च अदालतको च.नं १०१३७ मिति २०७५/०४/३१को पत्रबाट लेखि आएको देखिँदा र प्रस्तुत मुद्दा किनारा गर्नको लागि दशीको सामान आवस्यक पर्ने हुँदा श्री सर्वोच्च अदालतमा दायर भएको मु.नं ०७४-CR-१२९१को भ्रष्टाचार मुद्दाको अन्तिम किनारा भई दशीको सामान प्राप्त भएपछी जगाइ वाँकीकारवाही गर्ने गरी प्रस्तुत मुद्दा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३७ बमोजिम मुलतवीमा राखिदिएको छ भन्ने समेत ब्यहोराको यस न्यायाधिकरणबाट भएको मुलतवी आदेश ।

**25. यस न्यायाधिकरणबाट मिति २०७७/११/२१ मा भएको आदेशः-**

श्री सर्वोच्च अदालतबाट मुद्दा नं. ०७४-CR-१२९१ को भ्रष्टाचार मुद्दाको फैसलाको प्रतिलिपि र विशेष अदालत काठमाण्डौबाट दशिका सामानहरू प्राप्त भएको देखिँदा प्रस्तुत मुद्दा मुलतवीबाट जगाई दिएको छ भन्ने समेत ब्यहोराको यस न्यायाधिकरणबाट मिति २०७७/११/२१ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

26. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाण्डौका विद्वान उप-न्यायाधिवक्ता श्री उर्मिला दाहालले प्रतिवादी Aurora Human Resource Pvt.Ltd. (Lic No.737)का संचालक राजेन्द्र भण्डारीले झुट्टा कागजात बनाउन लगाई ती कागजात कामदार पठाउन पूर्व स्वीकृतीका लागि वैदेशिक रोजगार विभागमा पेश गरी निक नेपाल प्रेसका सँचालक र कर्मचारीले कागजात तयार गरी मतियार भई अभियोग दावीको कसूर गरेको निजहरू उपर परेको उजुरी, प्रतिवादीहरूको बयान, बरामद दशी, वादीका साक्षीहरूको बकपत्र समेतबाट पुष्टि भएकोले प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी पाऊँ भनी गर्नु भएको बहस सुनियो ।

27. त्यस्तै Aurora Human Resource Pvt.Ltd. (Lic No.737)का संचालक राजेन्द्र भण्डारीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री शम्भुप्रसाद निरौलाले मेरो पक्षले रोजगारदाताबाट जे जस्तो कागजात प्राप्त भयो, त्यही कागजात पेश गरी कामदार पठाउने पूर्व स्वीकृति लिएको हो । कुनै झुट्टा कागजात बनाएको छैन । यसै बिषयमा भ्रष्टाचार मुद्दा दायर भई वादीको दावी नपुग्ने गरी अन्तिम फैसला भईसकेको हुँदा एउटै विषयमा दोहोरो कारवाही गर्न मिल्दैन । मेरो पक्षले झुट्टा कागजात तयार गरेको भए त्यसबाट मर्का पर्ने पक्षले उजुर गरेको हुनु स्वाभाविक हो । मेरा पक्षको काम कारबाहीबाट पीडित हुन गएको भनी कसैले उजूर गरेको अबस्था छैन । झुठ्ठा विवरण बनाई पेश गरी पूर्व स्वीकृति लिएको भन्ने वादी दावीमा सद्दे कुन हो ? र झुट्टा कुन कुरा हो ? सो को परीक्षण गरी एकिन हुनु पर्ने हो ? सो भएको छैन । यस न्यायाधिकरणको वयानमा मेरो पक्ष ईन्कार रहेकाले सफाई पाउनु पर्दछ भन्ने समेत ब्यहोराको बहस प्रस्तुत गर्नु भयो ।

28. त्यस्तै प्रतिवादी शेरबहादुर महर्जनको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री निलमप्रसाद गौतमले यसै बिषयमा भ्रष्टाचार मुद्दा दायर भई वादीको दावी नपुग्ने गरी अन्तिम फैसला भईसकेको हुँदा एउटै विषयमा दोहोरो कारवाही गर्न मिल्दैन । मेरो पक्षले झुट्टा कागजात तयार गरेको भए त्यसबाट मर्का पर्ने पक्षले उजुर गरेको हुनु स्वाभाविक हो । मेरा पक्षको काम कारबाहीबाट पीडित हुन गएको भनी कसैले उजूर गरेको अबस्था छैन । झुठ्ठा विवरण तयार पारियो भनिएको वादी दावीमा सद्दे कुन हो ? र झुट्टा कुन कुरा हो सो को परीक्षण हुनु पर्ने हो ? वादीको दावी कुन सत्य हो? र कुन झुट्टा हो स्पष्ट छैन । मेरो पक्ष प्रेसको सञ्चालकले कानून भन्दा बाहिर गई कुनै छपाईको कार्य गरेको छैन । म्यान पावर व्यवसायीले व्यवसाय प्रबर्धन गर्न ब्रोसर, भिजिटिङ कार्ड छपाई र यस्तै किसिमको कार्य अडर बमोजिम गर्ने गरी आएका हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भएको मेरो पक्षको बयान जबरजस्ती गराएको हो । यस न्यायाधिकरणको बयानमा मेरो पक्ष ईन्कार रहेकाले सफाई पाउनु पर्दछ भन्ने समेत ब्यहोराको बहस प्रस्तुत गर्नु भयो ।

29. त्यस्तै प्रतिवादी मनिलकुमार महर्जनको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री बिरेन्द्र महर्जन र श्री सवनय अधिकारीले हाम्रो पक्ष नेपाल निक प्रिन्टिङ्ग प्रेशमा कम्प्यूटर अपरेटर सम्बन्धी काम गर्ने सामान्य कर्मचारी मात्र हुन् । प्रेसको सँचालक शेरबहादुर महर्जनले लाए अह्राए बमोजिम प्रोफाइल, भिजिटिङ कार्ड, लेटर हेड, भौचर, फ्लेक्सको कम्प्युटर डिजायन गर्ने काम गर्दछन् । निज कर्मचारी भई लाए अह्राएको काम गर्ने भएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दामा अभियोजन समेत गरेको छैन । हाम्रो पक्ष निर्दोष हुँदा निजलाई सजाय हुनु पर्ने होइन, सफाई पाउने गरी फैसला गरियोस् समेत भनी गर्नु भएको बहस सुनियो ।

**30.** यसमा वादी नेपाल सरकार तर्फबाट, Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) का संचालक राजेन्द्र भण्डारीले दुवई स्थित रोजगारदाता Team Furniture कम्पनीमा लट नं. ९२३३३बाट स्वीकृती लिई ईम्प्लोईमेण्ट कन्ट्याक्ट पेपरमा रोजगारदाता कम्पनीको तर्फबाट गरिएको आधिकारिक दस्तखत र कम्पनीको छाप अन्य कागजमा रहेको दस्तखत र छाप फरक देखिएकाले वैदेशिक रोजगार ऐन २०६४ को दफा ४७(१) कसूरमा सोही ऐनको दफा ४७(१) बमोजिम सजाय हुन र नेपाल निक प्रेशका संचालक शेर बहादुर महर्जन, कर्मचारी मनिलकुमार महर्जनले नक्कली कागजात बनाउने, थपघट गरी मतियारको भुमिका निर्वाह गरेकोले वैदेशक रोजगार ऐन, २०६४ को दफा ५६ बमोजिमको सजाय हुन दावी लिएकोमा उक्त अभियोग दावी बारे प्रतिवादी Aurora Human Resource Pvt.Ltd. (Lic No.737)का संचालक राजेन्द्र भण्डारीले यस न्यायाधिकरणमा बयान गर्दा, मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छु । मेरो संस्थाको नाम Aurora Human Resource Pvt. Ltd. हो।इजाजत नं. ७३६/२०६४/०६५ हो । मैले मिति २०६४/०६५ देखि कम्पनी संचालन गरेको हो,। उक्त दुबई स्थित रोजगारदाता Team Furniture कम्पनीमा लट नं. ९२३३३ इम्प्लोइमेन्ट कन्ट्याक्ट पेपरमा रोजगारदाता कम्पनीको तर्फबाट गरिएको आधिकारीक दस्तखत र कम्पनीको छाप अन्य कागजमा रहेका दस्तखत र छाप भन्दा फरक देखिएको मलाई थाहा भएन। अख्तियारमा वाध्य भएर बयान गरेको हुँ।मलाई अभियोग माग दावी बमोजिम सजाय हुनुपर्ने होईन भन्ने ब्यहोरा लेखाएको देखिन्छ । प्रतिवादी शेर बहादुर महर्जनले यस न्यायाधिकरणमा गरेको बयान मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन । मैले नेपाल सरकारबाट नेपाल निक प्रेस सञ्चालन गरी रहेको छु । मैले कुनै पनि व्यक्ति वा संस्थाबाट प्राप्त भएको अडर बमोजिमको गर्न मिल्ने काम गरेको छु, । प्रस्तुत मुद्दामा प्रा.लि. का संचालकको माग वमोजिम विभिन्न कागजातहरूको विवरण फेर बदल गर्ने कार्य मैले गरेको होइन । म उपरको अभियोग दावी झुट्टा हो । खान तलासी तथा वरामदी मुचुल्कामा उल्लेखित मेरो प्रेशबाट बरामद भएका सामानहरू मैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट वुझि लिएका सामाग्रीहरू मात्र हुन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उक्त मुचुल्का कागज अनुसन्धान आयोगको कार्यालयमा नै तयार गरेका हुन त्यसमा अन्य विभिन्न सामानहरू पनि बरामद भएको भनी उल्लेख गरी मलाई पढ्न समेत नदिई जवरजस्ती दवावमा मलाई फसाउनका लागी उक्त मुचुल्कामा सहिछाप गर्न लगाएका हुन् भनी बयान गरेको देखिन्छ । प्रतिवादी मनिलकुमार महर्जनले यस न्यायाधिकरणमा बयान गर्दा, म शेर वहादुर महर्जनले सञ्चालन गरेको नेपाल निक प्रिन्टिङ्ग प्रेशमा कम्प्यूटर अपरेटर सम्बन्धी काम गर्दछु मैले प्रोफाइल, भिजिटिङ कार्ड, लेटर हेड, भौचर, फ्लेक्सको डिजायन गर्ने काम गर्दछु । म उपरको अभियोग दावी झुट्टा हो भन्ने समेत ब्यहोरा लेखाएको देखिन्छ ।

**31.** उपरोक्त अभियोग दाबी, प्रतिवादीहरूको बयान र वादीतर्फका विद्वान उप-न्यायाधिवक्ता र प्रतिवादीहरूका तर्फबाट विद्वान अधिवक्ताहरूको बहस सुनी मिसिल कागजात अध्ययन गरी प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरोपण गर्नुपर्ने देखियो ।

(क)प्रतिवादीहरूले अभियोग दाबीको कसूर गरेका हुन्, होइनन् ?

(ख)प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसूर गरेको भए निजहरूलाई के कति सजाय हुने हो?

**32.** सम्बद्ध मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा मेनपावर कम्पनीहरूले विदेश स्थित रोजगारदाता कम्पनीहरूबाट कमदारको डिमान्ड लेटर प्राप्त गर्दा कम्पनीले कामदारलाई दिने सेवा, सर्त र सम्झौता लगाएतका कागजातहरू पठाउने गर्दछन्। पूर्व स्वीकृति नभै अन्तिम स्वीकृति प्राप्त हुँदैन । कतिपय कामहरूको पूर्व स्वीकृति लिंदा मेनपावर कम्पनीहरूले विभागमा पेश गरेको विवरण र रोजगारको लागि प्राप्त हुन आएका भिषा लगाएतका कागजातहरू आपसमा मेल खाँदैनन् यस्तो अवस्थामा मेनपावर कम्पनीले नक्कली कागजातहरू बनाई श्रम विभागका कर्मचारीहरूलाई घुस रकम दिएर श्रम स्विकृति लिएर वैदेशिक रोजगारमा कामदार पठाउने गरेका छन् । यसरी कामदार पठाउँदा चाहिने नक्कली कागजातहरू ललितपुर पुल्चोक स्थित नेपाल प्रेशका संचालक शेरबहादुर महर्जनले तयार गर्दछन् सो काम गर्ने मेनपावर कर्मचारी र प्रेश संचालकलाई कानून बमोजिम कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको भ्रष्टाचार विरोधी देशभक्त नागरिकको तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दिएको वेनामी उजुरीको आधारमा अनुसन्धान तहकिकात हुँदा बरामद तथा संकलित कागजातहरूबाट प्रतिवादीहरूले आफू अनुकुल सच्याइएका हेरफेर गरिएका कागजातहरू संलग्न गरी श्रम स्विकृति लिए दिएको देखिन आएकोले प्रस्तुत विषय ऊपर अनुसन्धान एवं छानविन गरी प्रचलित कानून बमोजिम जो जे गर्नु पर्ने हो गर्न वस्तुस्थिति विवरण र बरामद भएका कागजात सहितको सक्कलै फाइल संलग्न राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम वैदेशिक रोजगार विभागलाई लेखि पठाउने भनी निर्णय भए बमोजिम वैदेशिक रोजगार विभागमा फायल प्राप्त भई प्रस्तुत मुद्दामा अनुसन्धान तहकिकात भएको देखियो ।

**33.** वादीले अभियोग पत्रसाथ पेश गरेको बरामदी मुचुल्काको प्रतिलिपि हेर्दा ललितपुरको पुलचोकमा शेरबहादुर महर्जनले संचालन गरेको नेपाल निक प्रिन्टिङ प्रेश तलासी लिँदा डाइभर/फन्ट कलेक्सन थान (कम्प्युटरको),प्रिन्टर इंक कार्टेज पहेंलो १ निलो १,विजनेश डेली डाएरी खैरो रङको,गृह मन्त्रालयको रवर स्टाम्प, स्थानिय विकास मन्त्रालय पंजिकरणको रवर स्टाम्प, टेरा पम्प डेन्टल यू.ए.ई. को रवर स्टाम्प, एम्वेसी अफ मलेसिया कन्सुलर अफिसरको रवर स्टाम्प,रोटरी पब्लिक मलेसियाको रवर स्टाम्प, स्थानियपंजिकाधिकारीको रवर स्टाम्प,OBC international को रवर छाप, साउदीको स्टिकरमा रहने होलोग्राम, फाइल खालिजायफर ट्रेडिङ रवर छाप, टि. एस. एस. सेक्युरिटी सर्विस एम.एस.डि.ए.वि.एच.डि. को रवर छाप, चिन गुडिङ इन्जिनियरिङ सप्लाइको छाप, फाउन्डेसन गल टेफर ट्रेडको छाप, अरेविक भाषामा लेखिएको छाप, प्राइम लाइफ इन्सुरेन्स हात्तीसारको छाप, वि पेन प्लाष्टिकको रवर छाप, ट्रन्सी सेक्युरिटी सर्विसको रवर छाप, ड्राइमिक्स पर्ल वि वि एन ति डि को रवर छाप,मनकामना माध्यामिक विद्यालयको रवर छाप, इन्जेदाहको रवर छाप, टेलिफेन्स मेडिकल एस.डि.एन. लेखिएको रवर छाप, अनुधावि नेसनल होटल्सको रवर छाप, मो. नासिर एरिस कन्सुलर अफिसरको रवर, सर्टिफाइड टुर मलेसिया लेखिएको रवर, अवुधावी चेम्वरको रवर छाप, एटेस्टेड अफ वाइ द एम्वेसी अफ नेपाल रवर छाप, निन प्रसाद पौडेल डि.एस.पि. लेखिएको रवर छाप, हेड मास्टर लेखिएको रवर छाप, एम्वेसी अफ नेपाल यू.ए.ई छाप, नुवाकोट माध्यमिक विद्यालयको रवर छाप, राइट वे इन्टरप्राइजेज प्रा.लि. जावेलाखेलको रवर छाप, सारजाह चेम्वर अफ कमर्सको रवर छाप लेवर इम्पोएल्मेन्टको रवर छाप, दुवई यू.ए.इ. को रवर छाप, सारजाह टेक्सको रवर, दिग पेरिकास्टको रवर छाप, एल.एस.पि.सि.एम लेखिएको रवर छाप, मलेसियाबाट आउने डिमाण्ड लेटरमा टासिने रातो स्टिकर, वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न

मेन पावरबाट सच्याउनको लागि ल्याइएको स्टिकर झिकी अन्य प्रयोग गरिसकेको स्टिकर विहिन कागजहरू, विदेश स्थित विभिन्न कम्पनीबाट प्राप्त डिमान्ड लेटरहरूको कागजातहरू लगाएत विभिन्न कागजातहरू कम्प्युटर सि.पि.यू. कम्प्युटरमा प्रयोग हुने कालो रङको पेन ड्राइभ २४Feb.२०१४ देखि १० July २०१४ सम्म पाना ३२ मा अभिलेख लेखिएको Right way interprises जावलाखेलको नामको डे वुक स्लिप समेतका दशीका सामान वरामद भएको देखिन्छ ।

**34.** वादीका साक्षी वरामदी मुचुल्कामा बस्ने नविन के.सी.ले आज यसै इजलासबाट फैसला भएको मुद्दा नं. ०७७-FT-००८४ को वैदेशिक रोजगार कसूर मुद्दामा बकपत्र गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०७१/०३/२७ मा छापा मार्दा म निक प्रेसको कर्मचारी थिएँ । वरामदी मुचुल्का तयार गर्ने क्रममा उक्त प्रेशमा भएका सामानहरू मैले उपलब्ध गराएको हुँ भन्ने समेत ब्यहोरा लेखाएको देखिन्छ । त्यस्तै सोही मुचुल्कामा बस्ने सँजय राईले समेत नबिन के.सी.ले लेखाएको ब्यहोरा मिलानकै ब्यहोरा बकपत्रमा लेखाएको देखिन्छ ।

**35.** बादी साक्षी वरामदी मुचुल्काको काम सम्पन्न गर्ने प्रहरी नायव निरीक्षक अजय के.सि., अख्तियार दुरुपयोग अनुसन्धान आयोगका शाखा अधिकृत श्री संजीव पोखरेल, प्रहरी नायव निरीक्षक रुजनकुमार पण्डीत, प्रहरी सहायक निरिक्षक डम्वरकुमार श्रेष्ठ, प्रहरी सहायक निरिक्षक विमल अधिकारी, प्रहरी जवान संजीव चौधरी र सवारी चालक राजकुमार दाहाल समेतले आज यसै इजलासबाट फैसला भएको मुद्दा नं. ०७७-FT-००८४ को वैदेशिक रोजगार कसूर मुद्दामा मिति २०७१/०३/२७ मा नेपाल निक प्रेशमा छापामारी तयार भएको प्रवेश मुचुल्का र वरामदी मुचुल्कामा भएको सहिछाप सनाखत गर्दै उक्त प्रेसबाट विभिन्न सरकारी निकाय र म्यानपावरका कागजपत्र तथा रवर स्टाम्प बरामद भएको हो भन्ने समेत ब्यहोरा खुलाई छुट्टा-छुट्टै बकपत्र गरेको देखिन्छ।

**36.** वरामदी मुचुल्का वमोजिमका दशी प्रमाण आफ्नो प्रेसबाट बरामद भएको होईन भनी प्रतिवादी शेरबहादुर महर्जनले यस न्यायाधिकरणको बयानमा अन्यथा जिकिर लिएको देखिए तापनि वरामदी मुचुल्कामा निज र निजको श्रीमती रोहबरमा बसेको देखिएको र मुचुल्कामा बसी सही गर्ने एबं काम तामेल गर्ने वादीका साक्षीले वरामद सामान प्रतिवादीकै प्रेसबाट बरामद भएको हो भनी यस न्यायाधिकरणमा बकपत्र गरेको देखिंदा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम वादीका साक्षीको बकपत्र ब्यहोरा, दफा २२ बमोजिम प्राप्त दशी र दफा २० बमोजिम दशी बरामद गरी राष्ट्रसेवकले दिएको प्रतिवेदन समेत प्रतिवादीहरूका विरुद्ध प्रमाणमा ग्राह्य हुने देखियो।

**37.** प्रस्तुत मुद्दामा बरामद बिभिन्न मुलुक र निकायको रबर स्टाम्प र अन्य सामानहरूको प्रकृति हेर्दा, वैदेशिक रोजगारका लागि कामदार पठाउन पूर्व स्वीकृति लिंदा रोजगारदाता कम्पनीबाट प्राप्त हुनु पर्ने डिमाण्ड सम्बन्धी बिबरण, कामको प्रकृति, पारिश्रमिक रोजगारदाता कम्पनी सम्बन्धी बिबरण कामदारको संख्यामा थपघट आदी जस्ता कार्य निक प्रेसमा छपाई वा प्रिन्ट गरी हेरफेर एबं तयार गर्ने गरेको देखिन्छ । निक प्रेसका सँचालक प्रतिवादी शेरबहादुर महर्जनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको बयानमा आफ्नो प्रेश अफिसबाट वरामदी विभिन्न सामग्रीहरू मेनपावर कम्पनी र विदेश जान चाहने व्यक्तिहरू आफैं आइ वनाउन दिएका सामग्रीहरू हुन् । मैले कुनै कुनैमा पानीले भिजाई स्टीकर छाप भिजाई उप्काएर उनीहरूले ल्याएकोकागजातमा टाँस्ने गरेको छु । आवस्यक कागज पत्र उनीहरूले आफैं ल्याउदछन् । कुनै फर्काएर लान्छन, कुनै त्यहीं छाड्दछन् । छाप स्टीकर उप्काए पछि कम्पनीले ल्याएका कागजातमा टाँसिदिने गरेको हो भन्ने

समेत व्यहोरा उल्लेख गरेको देखिन्छ । निक प्रेसबाट गर्ने काम कारबाहीको बारेमा सो प्रेसका प्रतिवादी मनिलकुमार महर्जनले मौकामा गरेको बयानमा निक प्रेसका साहुसँग म्यानपावर व्यवासायीको कुराकानी हुने, रकम साहुले लिने ब्यहोरा खुलेकै देखिन्छ । प्रतिवादी Aurora Human Resource Pvt. Ltd. (Lic No. ७३७) का संचालक राजेन्द्र भण्डारीले यस न्यायाधिकरणको बयानमा दुबई स्थित रोजगारदाता Team Furniture कम्पनीमा लट नं. ९२३३३ इम्प्लोइमेन्ट कन्ट्याक्ट पेपरमा रोजगारदाता कम्पनीका तर्फबाट गरिएको आधिकारीक दस्तखत र कम्पनीको छाप अन्य कागजमा रहेका दस्तखत र छाप भन्दा फरक देखिएको थाहा भएन। यसमा मेरो र मेरो कम्पनीको संलग्नता छैन। अख्तियारमा दवाबमा पारेर बयान गराएका हुन्। अख्तियारमा यो किसिमको बयान नगरे सम्म बाहिर जान दिदैनौ भने पछि वाध्य भएर बयान गरेको हुँ भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिन्छ। निज प्रतिवादी राजेन्द्र भण्डारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग गरेको बयान हेर्दा दुवई स्थित रोजगारदाता कम्पनी Team Furniture कम्पनीबाट Demand लगायतका कागजात प्राप्त हुँदा इम्प्लोइमेन्ट कन्ट्याक्ट पेपरमा जाने कामदारको नाम र राहदानी नम्बर समेत लेखिएर आएकोले उक्त इम्प्लोइमेन्ट कन्ट्याक्ट पेपरमा लेखिएको नाममा लगाइएको टिपेक्स नेपाल निक प्रेशबाट मेटाएर उक्त कागज संलग्न गरी वैदेशिक रोजगार विभागबाट लट नं. ९२३३३बाट ११ जना कामदार पठाउने गरी पूर्व स्वीकृति लिई २ जना कामदार पठाइसकेको छ भन्ने ब्यहोरा उल्लेख गरेको पाईन्छ। निक प्रेसबाट बरामद भएको राईट वेको मेसेज स्लिपमा उल्लेख गरेको म्यानपावरको कागज सच्याईदिने र बनाई दिने गरेको भन्ने सूचीको क्र.स. ६६ र ६७ मा Aurora HR को Team Furniture line र Rupee enter Correction गरेको भन्ने उल्लेख भएको देखिएकाले प्रतिवादीको बयान समर्थित भएको देखिन्छ ।

38. उपरोक्त तथ्यहरूलाई समग्रतामा हेर्दा वैदेशिक रोजगार व्यवसायीहरूले कामदारहरू वैदेशिक रोजगारमा पठाउनका लागि रोजगारदाता कम्पनीबाट प्राप्त हुनु पर्ने कतिपय कागजात निक प्रेसमा सच्याई तयार गर्ने गर्न लगाउने, स्टिकर उप्काई टाँस्ने जस्ताको तस्तै बनाउने (Tampering) गरेको भन्ने देखियो । यसलाई स्पष्ट गर्न निम्न प्रतिवेदन ब्यहोरा उल्लेख गर्नु सान्दर्भिक देखियो

"Between 2008/2009 and 2018/2019, the DoFE approved 4,099,939 migrant workers for foreign employment, of whom 3,888,046 were men and 211,893 women. Qatar, Malaysia, Saudi Arabia, the United Arab Emirates (UAE) and Kuwait are the five most popular destinations among Nepalese labour migrants. Studies have revealed the indicators of abuse commonly associated with the poor working and living conditions encountered by workers in their destination countries. These are characterized by low wages, unsafe working environments, a virtual absence of social protection, a denial of freedom of association - especially as it relates to the right to form trade unions and other workers' rights – discrimination, xenophobia and other indignities. In addition to these problems faced in their destination countries, workers have reported experiencing considerable pre-departure exploitation. These include misrepresentation of the nature and terms of work available, excessive recruitment fees, the delay or cancellation of departures, and a failure to provide workers with the correct pre-departure documents, including receipts and contracts of employment and recruitment. (Forced labour, human trafficking and human smuggling under the pretext of foreign employment are routinely reported. S. Paoletti et al.: Migrant workers' access to justice at home: Nepal (Open Society Foundations, 2014), p, 18). त्यसै गरि Nepali migrants, as with other migrant workers in the region, suffer particularly high levels of abuse and exploitation. Routine harms include contract substitution and fundamental changes in the nature or conditions of work, non-payment of wages, unsafe work conditions, inadequate rest, inhumane housing conditions, and confiscation of identity documents. In more serious cases,

migrant workers suffer verbal, physical and sexual abuse. Hundreds of workers die while working abroad each year, often from work-related causes. Women are particularly vulnerable to serious abuse for reasons of gender discrimination, the isolated nature of their work in private homes, and irregular status. In some cases, abuses amount to labor trafficking, forced labor, and debt bondage. Few low-wage migrant workers can access compensation or other remedies for these violations while working in the Middle East. Vulnerability to exploitation abroad is often heightened by routine violations committed in Nepal during the pre-departure phase by individual agents, recruitment agencies, and other private actors. These include misrepresenting the nature and terms of work available, overcharging on recruitment fees, delaying or cancelling departures, and failing to provide workers with correct pre-departure documents, including receipts and contracts of employment and recruitment. These abuses persist due to a lack of transparency, government oversight, and accountability in the private recruitment and placement of migrant workers—which also undermine workers' ability to access justice for these harms- (Recruitment of migrant workers from Nepal: Country profile / International Labour Organization, Fundamental Principles and Rights at Work Branch (FUNDAMENTALS), Geneva: ILO, 2021)

**39.** श्रमिक आपूर्तिकर्ता एजेन्सीहरूले के कस्तो कार्य गर्न हुने र गर्न नहुने भन्ने बारे नेपाल समेत सदस्य रहेको World Employment Confederation (formerly CIETT) को Guiding principles embedded in the Ciett Code of Conduct को Principle 2 – मा Respect for Ethical and Professional Conduct. Private employment services shall observe the highest principles of ethics, integrity, professional conduct and fair practice in dealing with jobseekers, workers and user companies and shall conduct their business in a manner designed to enhance the operation, image and reputation of the industry. उल्लेख भएको देखिन्छ। आई एल ओ को Private Employment Agencies Convention, 1997 (No. 181) महासन्धिको धारा ८)१(मा "A Member shall, after consulting the most representative organizations of employers and workers, adopt all necessary and appropriate measures, both within its jurisdiction and, where appropriate, in collaboration with other Members, to provide adequate protection for and prevent abuses of migrant workers recruited or placed in its territory by private employment agencies. These shall include laws or regulations which provide for penalties, including prohibition of those private employment agencies which engage in fraudulent practices and abuses. भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसै गरी International Labor Organization (ILO) को General Principles and Operational Guidelines for Fair Recruitment को श्रमिक आपुर्तीकर्ताहरू लागि बुँदा नं. २१.१.मा Labour recruiters should have in place policies and processes, including due diligence, to ensure that their recruitment activities are conducted in a manner that treats workers with dignity and respect, free from harassment or any form of coercion or degrading or inhuman treatment. Labour recruiters should not restrict the movement of, nor abuse or allow abuse of, workers who are under their protection." भनि स्वच्छ सेवा प्रवेशका सिद्धान्त उल्लेख भएको देखिन्छ । देश बाहिर श्रम गर्न जाने श्रमिकहरूको सुरक्षा चुनौतीपूर्ण रहने हुँदा श्रमिक आपूर्तिकर्ताहरूले श्रम तथा रोजगार सम्बन्धि मापदण्डको उच्चतम पालना गरी वैदेशिक रोजगार व्यवसाय संचालन गर्नु अपरिहार्य देखिएकाले वैदेशिक रोजगार ब्यवसायीको काम कारवाहीसँग सम्बन्धित प्रस्तुत मुद्दाको विषयलाई उपरोक्त पृष्ठभूमिमा हेर्नु वान्छनीय हुने देखियो ।

**40.** अन्तर्राष्ट्रिय श्रमसँगठन (ILO)को नेपाल समेत सदस्य राष्ट्र भएकाले श्रमिकको भर्ना प्रकृयामा श्रम कानूनका अन्तराष्टिय मान्य सिद्दान्तलाई नेपालले समेत पालना गर्नु पर्ने हुन्छ।नेपालको संविधानको धारा ५१ (झ) (५) मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने भन्ने राज्यका निर्देशक सिध्दान्तमा उल्लेखित छ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा १५ मा

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले दफा १५ को खण्ड च को साविक व्यवस्था संसोधन गरी  गन्तब्य मुलुकको नेपाली कुटनितिक नियोगबाट प्रमाणित गरिएको मागपत्र र अख्तियारीको सक्कल प्रति पूर्व स्वीकृति लिँदा संलग्न हुन पर्ने ब्यबस्था गरेको पाईन्छ । यो संशोधित कानूनी ब्यबस्था हुनुको पृष्ठभूमिमा वैदेशिक रोजगारीमा कामदार पठाउन पूर्व स्वीकृति लिंदा रोजगारदाता कम्पनीबाट प्राप्त हुनु पर्ने कागजात म्यानपावर व्यवसायीले हेरफेर वा तयार गरी पेश गर्ने, २/३ प्रकारको रोजगार संझौता हुने, काम, पारिश्रमिक, रोजगारदाता कम्पनी तथा रोजगारीको शर्तहरू फरक पर्ने, डिमाण्डको विवरण फरक पारी वा सच्चाई मानिसहरू रोजगारीमा पठाउँदा अलपत्र पर्ने जस्ता समस्याहरू रहेको र सोलाई रोक्नु हो भन्ने विधायिकि मनसाय बुझ्न सकिन्छ ।

**41.** वादीले दावी लिएको वैदेशिक रोजगार ऐन २०६४ को दफा ४७ (१) को शीर्ष टिप्पणीमा लिखत वा प्रतिबेदन लुकाएमा वा हेरफेर गरेमा उल्लेख भई उक्त दफामा "*कुनै ईजाजतपत्रवालाले जानीजानी यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम राख्नुपर्ने कुनै लिखत वा प्रतिवेदन लुकाएमा वा कुनै कुरा हेरफेर गरेमा वा झुट्टा व्यहोरा पारेमा वा झुट्टा व्यहोरा तयार गर्न लगाएमा निजलाई एक लाख देखि तीन लाख रूपैया सम्म जरिवाना र छ महिना देखि एक बर्षसम्म कैद हुनेछ*" भन्ने व्यवस्था रहेको देखिन्छ । विद्वान अधिवक्ताहरूले बहसको क्रममा दफा ४७ (१) को उक्त शीर्ष टिप्पणीको ब्यबस्थालाई मूख्य रुपमा उल्लेख गरी आफ्नो पक्षले कुनै लिखत प्रतिबेदन नलुकाएको र हेरफेर नगरेको सो प्रकृतिको वादीको दावी समेत नभएकोले उक्त दफा आकर्षित हुन नसकने भन्ने जिकिर लिनु भए तर्फ हेर्दा ऐनको दफामा उल्लेखित शिर्ष टिप्पणी नै दफाको प्रमुख व्यबस्था होईन । उक्त दफामा "*कुनै ईजाजतपत्रवालाले जानीजानी यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम राख्नुपर्ने कुनै लिखत वा प्रतिवेदन लुकाएमा वा कुनै कुरा हेरफेर गरेमा वा झुट्टा व्यहोरा पारेमा वा झुट्टा व्यहोरा तयार गर्न लगाएमा*" सजाय हुने स्पष्ट ब्यबस्था रहेकाले जुनसुकै  किसिमले झुट्टा ब्यहोरा तयार गर्ने र तयार गर्न लगाउने कार्य कानूनत निषेधित देखियो । त्यस्तै यसै विषयमा भ्रष्टाचार मुद्धा दायर भई तहगत अदालतको फैसलाबाट सफाई पाईसकेको स्थिति हुँदा सोही विषयबाट उठेको यस मुद्धामा दोहोरो हुने गरी कारबाही गर्न मिल्दैन भने बहस जिकिरको हकमा भ्रष्टाचार निवारण निवारण ऐन २०५९ को दफा ५९ ले प्रचलित कानून वमोजिमको अरु कसूरमा छुट्टै मुद्दा चलाउन बाधा नपर्ने व्यवस्था गरेको देखिंदा भ्रष्टाचार मुद्दा दायर भई सफाई पाएकै कारणले प्रस्तुत मुद्धामा कारबाही गर्न नमिल्ने भन्ने बहस जिकिरसंग सहमत हुने अबस्था रहेन । जहाँसम्म झुट्टा र सत्यको कुराको परीक्षण नभई सो को निरोपण गर्न नमिल्ने भन्ने बहस जिकिर छ, प्रस्तुत मुद्दा सद्दे, कीर्तेको निरोपणसँग सम्बन्धीत नभएको र वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) को कानूनी ब्यबस्थासँग सम्बन्धीत देखिएकाले सो जिकिर समेत प्रासंगिक देखिन आएन ।

**42.** यसरी उजुरी निवेदन, बरामदी मुचुल्का, घटना विवरणकागज, बरामद भएका दशीका समानहरू र वादीका साक्षीको बकपत्र समेतबाट प्रतिवादीका विरुद्ध वादीको अभियोग दावीको कसूर प्रमाणित भएको र कसूर हुँदाका अबस्था Aurora Human Resource Pvt. Ltd. संचालकमा राजेन्द्र भण्डारी रहेकोमा विवाद नभएको, हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५७ को कानूनी व्यबस्थाले Aurora Human Resource Pvt. Ltd.को तर्फबाट भएको काम कारबाहीमा उक्त संस्थाका मुख्य ब्यक्ति संचालक राजेन्द्र भण्डारीलाई कानूनत सजाय हुने देखियो ।

**43.** प्रतिवादी निक प्रेसका सँचालक शेरबहादुर महर्जनको हकमा हेर्दा, निज यस न्यायाधिकरणको बयानमा इन्कार रहे तापनि निजले संचालन गरेको प्रेसबाट नक्कली कागजात र विभिन्न निकायसँग सम्बन्धित रवर स्टयाम्प समेत बरामद भएको, अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान गर्दा मेरो प्रेश अफिसबाट वरामदी विभिन्न सामग्रीहरू मेनपावर कम्पनी र विदेश जान चाहने व्यक्तिहरू आफैं आई वनाउन दिएका सामग्रीहरू हुन् । मैले कुनै कुनैमा पानीले भिजाई स्टीकर छाप उप्काएर उनिहरूले ल्याएकोका कागजातमा टाँस्ने गरेको छु भनी कागजात सच्याउन लिएको अर्डर र गरेको कार्यको विवरण समेत खुलाई लेखाएको ब्यहोरा, बरामदी मुचुल्का र मुचुल्का तयार गर्ने कर्मचारी, मुचुल्काका साक्षीले यस न्यायाधिकरणमा उपस्थित भइ मुद्दा नं. ०७७-FT-००८४ को वैदेशिक रोजगार कसूर मुद्दामा गरेको बकपत्र र बरामद दशी समेतबाट प्रतिवादी शेरबहादुर महर्जनले वैदेशिक रोजगारको लागि Aurora Human Resource Pvt. Ltd.का संचालक राजेन्द्र भण्डारीलाई कागजात हेरफेर गर्न र झुट्टा ब्यहोरा तयार गर्न सहयोग गरी मतियारको कसूर गरेको पुष्टि हुन आयो ।

**44.** प्रतिवादी मनिलकुमार महर्जनको हकमा हेर्दा, निज निक नेपाल प्रेसको कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारी रहेको र निजले प्रेसको संचालकले लाए अह्राएको काम गर्ने गरेको देखिन्छ । वादीले नेपाल निक प्रेसको संचालकलाई नै मुख्य कसूरदार (principal offender) नभई मतियारको (Accessory) दावी लिएको देखिन्छ । प्रतिवादी मनिलकुमार महर्जनले सोझै प्रतिवादी म्यानपावर ब्यवसायीसँग सम्पर्क गरी नक्कली कागजात वनाएको भन्ने वादीको दावी नभएको र वादीबाट पेश भएका प्रमाणबाट समेत त्यस्तो अवस्था पुष्टि हुन सकेको देखिदैन । प्रतिवादी कर्मचारीको हैसियत लाए अह्राएको काम गर्ने भएकोमा अह्राउने वा काम गर्न आदेश दिने रोजगारदाता संचालक र सो बमोजिमको कर्मचारीको हैसियतले पारिश्रमिक पाउने गरी आदेश बमोजिम कार्य गर्ने कर्मचारीले समान स्तरको कसूर गरेको भन्न फौज्दारी कानूनको आधारभूत मान्यता बमोजिम हुने समेत देखिएन । अतः आफूलाई लाए अह्राएको काम गरेकै कारणले वादीको अभियोग दावी बमोजिमको कसूर गरेको भनी निक प्रेसमा कार्यरत कर्मचारी प्रतिवादी मनिलकुमार महर्जनलाई कसूरदार ठहर गर्न न्यायको रोहमा उचित देखिएन ।

**45.** अतः विवेचित उपरोक्त आधार, र कारण, कानुनि ब्यवस्था समेतबाट Aurora Human Resource Pvt. Ltd. का संचालक प्रतिवादी राजेन्द्र भण्डारीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) को कसूर गरेको ठहरी निज प्रतिवादीलाई सोही दफा बमोजिम रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना र ६ (छ) महिना कैद हुने ठहर्छ । प्रतिवादी शेरबहादुर महर्जनले सोही ऐनको दफा ५६ बमोजिम कसूर गरेको ठहरी निजलाई प्रतिवादी राजेन्द्र भण्डारीलेलाई ठहरेको सजायको आधा सजाय हुने ठहर्छ । प्रतिवादी मनिलकुमार महर्जन उपरको अभियोग दावी पुग्न नसक्ने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी राजेन्द्र भण्डारीलाई रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना र ६(छ) महिना कैद हुने ठहरेकोले निज प्रतिवादीलाई लागेको कैद बेरूजु हुँदा लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू..........१

प्रतिवादी राजेन्द्र भण्डारीलाई ठहर भएको जरिवाना रू.१,००,०००।- (एक लाख रूपैयाँ)को हकमा लगत कसी निजले अनुसन्धानका क्रममा राखेको धरौटी रू. २,००,०००।- (दुई लाख रूपैयाँ) मध्येबाट यस मुद्दामा कायम भएको धरौटी रू. १,००,०००।- (एक लाख रूपैयाँ) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ को अधिनमा रही असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू................................................२

प्रतिवादी राजेन्द्र भण्डारीले यस न्यायाधिकरणमा राखेको धरौटी रू. २,००,०००।- (दुई लाख रूपैयाँ)बाट जरिवाना रकम कट्टा गरी बाँकी हुन आउने रू. १,००,०००।- (एक लाख रूपैयाँ) फिर्ता पाऊँ भनी प्रस्तुत मुद्दा अन्तिम भएपछि निवेदन दिएमा नियमानुसार गरी फिर्ता दिनु भनी लेखा शाखालाई लेखी पठाउनू.................................................................३

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी शेरबहादुर महर्जनलाई रू. ५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना र ३(तीन) महिना कैद हुने ठहरेकोले प्रतिवादीलाई लागेको कैद बेरूजु हुँदा लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू...........४

प्रतिवादी प्रतिवादी शेरबहादुर महर्जनलाई ठहर भएको जरिवाना रू.५०,०००।- (पचास हजार रूपैयाँ)को हकमा लगत कसी निजले पूर्पक्षको क्रममा धरौटी रसिद नं. २७७बाट मिति २०७३/११/११ मा यस न्यायाधिकरणमा राखेको रू. ५०,०००।- (पचास हजार रूपैयाँ)बाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ को अधिनमा रही असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखि पठाई दिनु..................................५

प्रतिवादी मनिल कुमार महर्जनले सफाई पाउने ठहरेकाले निजले अनुसन्धानको सिलसिलामा राखेको धरौटी मुद्दा अन्तिम भएपछि फिर्ता पाउँ भनी निबेदन गरे नियमानुसार फिर्ता दिनू.....६

यस फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४को दफा ६६ (२)बमोजिम ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी फैसलाको नक्कल साथै राखी विशेष सरकारी वकील कार्यालय काठमाण्डौलाई पुनरावेदनको म्याद दिनू....................७

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२)बमोजिम ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरू राजेन्द्र भण्डारी र शेरबहादुर महर्जनलाई पुनरावेदनको म्याद दिनू.......................................................८

प्रस्तुत फैसलाको नक्कल साथै राखि फैसलाको जानकारी वैदेशिक रोजगार विभागलाई दिनू..९

फैसलाको विद्युतिय प्रति सूचना प्रविधिमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.......................................................................१०

रमेशकुमार खत्री
(अध्यक्ष)

उक्त रायमा सहमत छौं ।

डा. गोपीचन्द्र भट्टराई
(सदस्य)

निशा बानियाँ
(सदस्य)

फैसला तयार गर्न सहयोग पुऱ्याउने
इजलास अधिकृतः- दुर्गादत्त लम्साल र ओमबहादुर कठायत
कम्प्यूटर अपरेटरः- शास्वत् विक्रम सिंह
फैसला मितिः- २०७८/११/१६/२
फैसला प्रमाणिकरण मितिः २०७८/१२/२९/०३

न्यायाधिकरणको छाप